"दिगो विकास अनुपम सँस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री"

# चुमनुब्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# सिर्दिबास, गोरखा

पत्र संख्या :२०८३/८४ गण्डकी प्रदेश ,नेपाल

सूचना नं : १३-२०८३/८४

मिति :- २०८३/०५/२५
ने.सं. ११४६ गुंलागा चतुर्दशी, बिहीबार

चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

**चुमनुब्री गाउँपालिका वडा नं ४ स्युराङ खोलामा नयाँ निर्माण भएको काठेपुलबाट जोखिमका कारण खच्चड घोडा आवतजावत नगर्ने/नगराउने सम्बन्धी सूचना।**

मिति २०८३।०५।२१ गते विहान ३:३० बजे जिल्ला गोरखा चुमनुब्री गा.पा. वडा नं. ४ नामरुङ स्थित थेराङ खोलामा बाढी आई चुमनुब्री गाउँपालिका वडा नं ४ स्थित बुढिगण्डकी नदिमा रहेको सुक्सम झोलुंगे पुल बगाएको जसका कारण त्यस स्थान भन्दा माथि मानिस आवतजावत पूर्ण रूपमा बन्द भएको । हाल गाउँपालिका, वडा कार्यालय, मनास्लु संरक्षण क्षेत्र आयोजना तथा स्थानीयको सक्रियतामा उक्त स्थानमा बैकल्पिक बाटो तथा स्युराङ खोलामा काठेपुल निर्माण भएको छ । निर्माण भएको काठेपुलको लम्बाई धेरै भएको, हरियो काठको प्रयोग गरी बनाईएको तथा तत्काल पदयात्रा तथा स्थानीयको आवतजावत प्रथामिकता दिई छोटो समयमा तयार गरिएको हुँदा खच्चड आवतजावत गर्दा काठेपुलले बहन गर्न नसक्ने देखिएको तथा चौडाई कम भएको हुँदा सामान सहितको खच्चड तथा घोडा आवतजावत हुँदा पुल नै बिग्रन सक्ने तथा जनावर नै नदिमा खस्न सक्ने जोखिम रहेको, स्तरीय काठेपुल निर्माण गर्ने उपर्युक्त स्थान नै नभएको, खोलाको बहाब ठुलो रहेको, अन्य कुनै पनि विकल्प नभएको भनी चुमनुब्री गाउँपालिका ४ नं वडा कार्यालयबाट जानकारी प्राप्त भएको हुँदा उक्त बाटो भई खच्चड, घोडा तथा अन्य पशु चौपाय आवतजावत नगर्नु/नगराईदिनु हुन सम्पुर्णमा विनम्र अनुरोध गर्दछौँ। वर्षा यामको समय भएको तथा सडक पनि अवरूद्ध हुँदा पक्की पुल तत्काल निर्माण गर्न निर्माण सामग्री ढुवानी गर्न कठिनाई हुने हुँदा समय लाग्ने तथा उक्त काठेपुललाई अझ बलियो तथा चौडा गर्न केही दिन लाग्ने भएको हुँदा सोही कारणलाई मध्येनजर गर्दै यस सूचनालाई पूर्ण रूपमा पालना गरिदिनु हुन समेत अनुरोध गर्दछौँ।

झोलुंगे पुल तथा काठेपुललाई अझै स्तरीकृत बनाउन गाउँपालिकाले सम्बन्धीत निकायसँग समन्वय, पहल तथा सहकार्य गरि रहेको हुँदा यथाशिघ्र सम्पुर्ण आवतजावत खुला तथा सहज हुने जानकारी समेत गराउँदछौँ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत